TITI

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# प्राविधिक प्रशिक्षण प्रतिष्ठान

मध्यपुर थिमी - २, सानोठिमी, भक्तपुर

कार्यकारी निर्देशक छनौटको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०।११।०४

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत प्राविधिक प्रशिक्षण प्रतिष्ठानमा कार्यकारी निर्देशक पदका लागि परिषद् कार्यालय तथा परिषद् अन्तर्गतका कार्यालयहरुमा कार्यरत प्राविधिक / व्यवस्थापन / शिक्षा विषयमा न्यूनतम स्नातकोत्तर उपाधि हासिल गरेको र अधिकृतस्तर प्रथम श्रेणीमा न्यूनतम एक वर्ष अनुभव भएका स्थायी कर्मचारीहरु मध्येबाट प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्ति गरिने भएकोले न्यूनतम योग्यता तथा अनुभव पुगेका ईच्छुक कर्मचारीहरुले देहाय वमोजिमका कागजातहरु संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ३० दिन (३०औ दिन सर्वजनिक विदा पर्न गएमा सो को भोलि पल्ट कार्यालय खुलेको दिनमा निवेदन दर्ता गराउनु पर्ने छ) भित्र यस प्रतिष्ठानको व्यवस्थापन समितिका अध्यक्षलाई सम्बोधन गरी प्रतिष्ठानको कार्यालय सानोठिमी, भक्तपुरमा कार्यालय समय भित्र निवेदन दर्ता गराउनु हुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी विस्तृत जानकारी परिषद् कार्यालयको वेब साइट www.ctevt.org.np मा राखिएको छ । निवेदन प्रतिष्ठानको इमेल info@titi.org.np मा उल्लेखित मिति र समय भित्र पठाउनु पर्ने छ ।

निवेदनका साथ अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरु:

१. वेबसाइटमा राखिएको ढाँचा अनुसारको हस्ताक्षर सहितको Curriculum Vitae (CV)
२. मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह र सो भन्दा माथिल्लो तहमा प्राप्त गरेको शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपीहरु
३. हाल वहाल रहेको पदमा रहंदा प्राप्त गरेका तालीमका प्रमाणपत्रका प्रतिलिपीहरु
४. अधिकृत स्तर प्रथम श्रेणीमा नियुक्त भएको पत्रको प्रतिलिपी
५. श्रोत व्यक्ति र विज्ञको कार्य अनुभव भए सो को प्रमाण
६. शैक्षिक सामाग्री, अनुसन्धान तथा कृति प्रकाशन गरेको भए सो को प्रमाण
७. अधिकृत स्तर प्रथम श्रेणीमा बाहाल रहि जिम्मेवारी बहन गरेको पत्रको प्रतिलिपी

नोट: कार्यकारी निर्देशक पदको नियुक्तिको लागि सिफारिस गर्दा लिईने आधारहरु तथा काम, कर्तब्य र अधिकार प्रतिष्ठानको वेबसाईटमा राखिएको छ ।